संघीय संसद

# प्रतिनिधि सभा

# सार्वजनिक लेखा समिति

## बैठक संख्या-४

मितिः-२०८०/०२/१७ गते बुधबार

## निर्णयहरु

१. आज बसेको समितिको बैठकमा अघिल्लो कार्यकाल (२०७६ सालदेखि २०७९ सम्म) र २०८० सालपछि समितिमा दर्ता भएका उजुरीमध्ये के कस्ता उजुरीलाई समितिमा छलफलमा लैजाने भन्ने विषयमा माननीय सदस्यहरुले आ-आफ्नो धारणा राख्दै उजुरीको वर्गीकरण गरी समितिको कार्यक्षेत्रसँग सम्बन्धित र महत्वपूर्ण उजुरीमात्र समितिमा छलफल गर्नुपर्ने सम्बन्धमा आजको समितिको छलफल केन्द्रित भयो।

२. समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी सुव्यवस्थित रुपमा सञ्चालन गर्न समितिको बैठक सञ्चालनसम्बन्धी आन्तरिक कार्यविधिको मस्यौदा बनाई समितिको आगामी बैठकमा पेश गर्न माननीय राजेन्द्र कुमार के.सी.को संयोजकत्वमा देहाय बमोजिमका माननीय सदस्यहरु रहने गरी ५ (पाँच) सदस्यीय उपसमिति गठन गरियो।

१. माननीय राजेन्द्र कुमार के.सी. - संयोजक

२. माननीय डा. अमरेश कुमार सिंह - सदस्य

३. सदस्य माननीय ऋषिकेश पोखरेल - सदस्य

४. माननीय रामकृष्ण यादव - सदस्य

५. माननीय हरि ढकाल - सदस्य

३. समितिको अर्को बैठक सूचना भएपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ ।